मर्स्याङ्दी गाउँपालिकाको अधिकारीक मासिक प्रकाशन

# मर्स्याङ्दी बुलेटीन

"समृद्ध, आधुनिक, हराभरा मर्स्याङ्दी गाउँपालिकाको आधारः कला, संस्कृतिको संरक्षण, कृषि, पर्यटन, उर्जा र पूर्वाधार"

वर्षः ३ | अङ्क : १९ | मिति : २०८१ पुस १० गते , बुधबार

संरक्षक : अर्जुन गुरुङ, अध्यक्ष | सल्लाहकार : अर्जुन चपाई, प्र.प्र.अ | प्रकाशक : मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति



गाउँसभा

## मर्स्याङ्दी गाउँपालिकाको आ.व. २०८१/८२ को दोस्रो (हिउँदे) गाउँसभा तथा १८ औं अधिवेशन सम्पन्न ।।।




मंसिर २५ २०८१, मर्स्याङ्दी गाउँपालिका

मर्स्याङ्दी गाउँपालिकाको आ.व. २०८१/८२ को दोस्रो गाउँसभा (१८ औं अधिवेशन) अध्यक्ष श्री अर्जुन गुरुङज्यूको अध्यक्षतामा सम्पन्न भएको छ। मिति २०८१ मंसिर २५ गते सम्पन्न भएको उक्त कार्यक्रम सम्पूर्ण सभाका सदस्य, शाखा प्रमुख लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

सभामा गाउँसभाका सदस्य श्री चेत वहादुर गुरुङले पेश गर्नु भएको आ.व. २०८१/८२ को योजना तथा बजेट संशोधन सभामा छलफल गर्दै सर्व सहमतिले पारित भएको थियो । यस्तै सभाका सदस्य श्री तिल बहादुर गुरुङले पेश गर्नु भएको आ.व. २०८१/८२ को बार्षिक बजेट रकमान्तर र सभाका सदस्य श्री घनश्याम घलेले पेश गर्नु भएको आ.व. २०८०/८१ को लेखा परिक्षणबाट औंलाइएको वेरुजु प्रतिवेदन माथि छलफल भई प्रचलित कानुन बमोजिम पुर्याउनुपर्ने रित नपुगेको तर सरकारी नगदी, जिन्सीको हानी नोक्सानी नभएको पुष्ट्याई गर्ने कारण सहितको प्रमाण पेश गरी सम्परिक्षण गर्ने निर्णय सर्व सहमतिले पारित भएको थियो ।





मर्स्याङ्दी बुलेटीन

वर्षः ३ | अङ्क : १९ | मिति : २०८१ पुस १० गते , बुधबार

संरक्षक : अर्जुन गुरुङ, अध्यक्ष | सल्लाहकार : अर्जुन चपाई, प्र.प्र.अ | प्रकाशक : मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति


# मर्स्याङ्दी गाउँपालिकामा अगुवा किसान भेला सम्पन्न ।।।








मर्स्याङ्दी गाउँपालिका कृषि विकास शाखाको आयोजनामा किसान भेला सम्पन्न भएको छ। सामुदायिक भवन भुलभुलेमा आयोजना भएको यस भेलामा मर्स्याङ्दी गाउँप(ालिकाको ९ वटा वडाका जम्मा १८० जना कृषकहरुको भेलामा प्राङ्गारिक उत्पादनलाई जोड दिने, उच्च मुल्य भएको र बजारमुखी बाली लगाउने, धरातलीय विविधता अनुरूप बेमौसमी खेती गरी उच्च मूल्यमा बिक्री गर्न सकिने, प्रतिस्प(र्धात्मक प्राङ्गारिक उत्पादनमा जोड दिने, मर्स्याङ्दी गाउँपालिकामा रहेका बाँझो जमीनमा योजना बद्ध ढंगले प्राङ्गारिक खेती प्रवर्द्धन गर्ने, भुगोल, माटो, हावापानी, बजार सबै अनुकुल बाली छनोट गरी व्यावसायिक रूपमा खेती गर्ने, सीप विकास, सामुहिक खेती, समूह कम्पनी बनाएर कृषिलाई निर्वाहमुखी बाट व्यावसायिक बनाउने कुराको निचोड निस्कियो।विशेष गरी उच्च मूल्य भएका अकबरे खुर्सानी, कफी, अम्बा, सिस्नु, दाँते ओखर इत्यादिको खेतीका बारेमा अध्ययन अनुसन्धान, प्राविधिक सहयोग र गाउँपालिका बाट अनुदान लिएर व्यावसायिक खेतीका लागि योजनाबद्ध ढंगले अगाडि बढ्नु पर्ने गाउँपालिका अध्यक्ष श्री अर्जुन गुरुङज्यूले बताउनु भयो ।

## "विविध स्वास्थ्य क्रियाकलापरुमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको भूमिका, स्वास्थ्य समाज निर्माणमा सहभागीता"



"विविध स्वास्थ्य क्रियाकलापरुमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको भुमिका, स्वास्थ्य समाज निर्माणमा सहभागीता" भन्ने नाराका साथ मर्स्याङ्दी गाउँपालिका स्वास्थ्य शाखाको आयोजनामा २१ औं राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवस २०८१ कार्यक्रम मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङ ज्यूको अध्यक्षतामा सम्पन्न भएको छ ।

२१ औं महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवसको अवसरमा वडा स्तरीय हाजिरी जवाफ प्रतियोगिता कार्यक्रम आयोजना गरिएको थियो। नौ वटै वडाका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको सहभागीता रहेको प्रतियोगितामा वडा नं ४ प्रथम, वडा नं ९ दितिय र वडा नं ३ तृतिय हुन सफल भएको थियो । बिजेता ३ वटै वडालाई गाउँपालिका अध्यक्ष अर्जंन गुरुङ, वडा नं. ७ का वडा अध्यक्ष तिल बहादुर गुरुङ, वडा नं. ५ का वडा अध्यक्ष घनश्याम घले र वडा नं ६ का वडा अध्यक्ष मिनराशी गुरुङ ज्यूले संयुक्त रुपमा प्रमाण पत्र तथा नगद पुरस्कार वितरण गर्नु भएको थियो ।





# मर्स्याङ्दी बुलेटीन

**वर्ष: ३** **अङ्क : १९** **मिति : २०८१ पुस १० गते , बुधबार**

**संरक्षक : अर्जुन गुरुङ, अध्यक्ष** **सल्लाहकार : अर्जुन चपाई, प्र.प्र.अ** **प्रकाशक : मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति**


**"हामी सबैको प्रतिबद्धता: लैङ्गिक हिंसाको अन्त्यको लागि ऐक्यबद्धता"**

**Towards 30 years of Beijing Declaration and Platform for Action: UNITE to end Violence against Women**







मर्स्याङ्दी गाउँपालिकाको सहयोग तथा मर्स्याङ्दी गाउँपालिका महिला सञ्जालको आयोजनामा लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान सम्बन्धी दुईदिने प्रशिक्षण कार्यक्रम मर्स्याङ्दी गाउँपालिकाका उपाध्यक्ष जुना माया थापाज्यूबाट उद्घाटन । मर्स्याङ्दी गाउँपालिका स्तरीय महिला संजालका अध्यक्ष सरला देवी थापाज्यूको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा मर्स्याङ्दी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अर्जुन चपाईज्यू, सामाजिक बिकास समितिका संयोजक एवं वडा नं. ७ का वडा अध्यक्ष तिल बहादुर गुरुङज्यू, कार्यपालिका सदस्यहरु एवं जनप्रतिनिधिहरु, मर्स्याङ्दी गाउँपालिकाका वडा स्तरीय महिला संजालका सदस्यहरु, आमा समुहका सदस्यहरु, अगुवा महिला तथा विद्यार्थीहरुको बाक्लो उपस्थिति रहेको थियो ।

## विद्यार्थीहरुको लागि बाल मनोविज्ञान तथा मानसिक स्वास्थ्य सम्बन्धी स्वास्थ्य शिक्षा




कक्षा ८, ९, १० र १२ मा अध्ययानरत विद्यार्थीहरुको लागि बाल मनोविज्ञान तथा मानिसक स्वास्थ्य सम्बन्धि स्वास्थ्य शिक्षा अमर मा. वि. तथा अन्य विधालयमा संचालन भएको उक्त कार्यक्रममा चिन्ता किशोर किशोरी अवस्थामा उत्पन्न हुने समस्याहरु र ती समस्याहरुको समाधानका लागि ध्यान दिनुपर्ने कुराहरू समेटिएको थियो ।

## मर्स्याङ्दी गाउँपालिका स्तरीय दोस्रो त्रैमासिक परीक्षा सञ्चालन ॥।






**मर्स्याङ्दी गाउँपालिका स्तरीय दोस्रो त्रैमासिक परीक्षा सञ्चालन भइरहेको छ । शैक्षिक सत्र २०८१ अन्तर्गतको दोस्रो त्रैमासिक परीक्षा यहि पुस २ गतेदेखि ९ गतेसम्म सञ्चालन हुने गरी समयतालिका सार्वजनिक गरिएको थियो ।**

**गत मंसिर अन्तिम सातातिर बसेको परीक्षा समितिको बैठकले गरेको निर्णय अनुसार दोस्रो त्रैमासिक परीक्षा सञ्चालन हुने निर्णय भएको थियो । मर्स्याङ्दी गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुका कक्षा ४ देखि १० सम्मका अनिवार्य ५ वटा विषयहरुको परीक्षामा एकरुपता ल्याउने उदेश्यका साथ दोस्रो त्रैमासिक परीक्षा सञ्चालन गरिएको थियो ।**

**परीक्षा सञ्चालनको सुरुवातमै प्रश्नपत्रहरु विद्यालयहरुमा पठाइसकिएको थियो भने शिक्षा शाखाबाट परीक्षाको अनुगमन, मूल्याङ्कन समेत गरिएको थियो । अनुगमनका क्रममा परीक्षा शान्त, निष्पक्ष र मर्यादित तवरबाट सञ्चालन भएको पाइएको थियो ।**

मर्स्याङ्दी बुलेटीन

वर्ष: ३ | अङ्क : १९ | मिति : २०८१ पुस १० गते , बुधबार

संरक्षक : अर्जुन गुरुङ, अध्यक्ष | सल्लाहकार : अर्जुन चपाई, प्र.प्र.अ | प्रकाशक : मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति

# मर्स्याङ्दी गाउँपालिकाको निर्माणाधिन प्रशासकीय भवनको कार्य ९०% सम्पन्न ।।।

मर्स्याङदी गाउँपालिको निर्माणाधिन प्रशासकीय भवन निर्माणका E–Bidding मार्फत ठेक्का प्रकृया अगाडी बढाई Shailendra–Jayajyoti–Bauddhanath JV, Bidur–10 फर्मसँग मिति २०८०-०२-२३ गतेका दिन रु ५,९७,६६,७०३.९३ (अक्षरुपी पाँच करोड सन्तानब्बे लाख छैसठ्ठी हजार सात सय तिन रुपैया तिरानब्बे रुपैयाँ मात्र) (PS र भ्याट सहित, मुल्य समायोजन बाहेक) मा सम्झौता भएको उक्त भवन बेशमेन्ट पार्किङ बाहेक ३ तल्ला रहे को छन् । भवनमा कुल २८ वटा कोठा हुनेछन् । भवनमा अध्यक्ष र उपाध्यक्षको अलग/अलग कार्यकक्ष सहितको सचिवालय कक्ष, न्यायिक समितिको कार्यकक्ष, प्रशासकीय प्रमुखको कार्यकक्ष, पालिका अन्तर्गतका सबै विषयगत शाखाका अलग/अलग कार्यकक्ष, सेवाग्राही अपांग मैत्री ग्राउन्ड फ्लोर, बेशमेन्ट पार्किङ आदि छन् । उक्त प्रशासकीय भवन २०८२-०२-२३ गते भित्र सक्ने गरी सम्झौता भएको छ । यस प्रशासकीय भवन निर्माणपछि जनताले सर्वसुलभ तरि काले सेवा पाउने विश्वास लिइएको छ भने यस निर्माणाधीन भवनको प्रगती हालसम्म ९०% भएको छ ।



















Website URL : marsyangdimun.gov.np
Facebook URL : https://www.facebook.com/marsyangdirm
Email: marysangdirm@gmail.com / info@marsyangdimun.gov.np